स्थानीय 'क' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com
साप्ताहिक
वर्ष ११ , अंक १५, २०८१ कात्तिक २७ मंगलवार (Jhuleni Post Weekly 12 Nov. 2024) पृष्ठ ८, मुल्य रु. २०

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय :
प्यूठान न.पा.-४, बिजुवार
Email :
jhulenipyuthan@gmail.com

## प्यूठानमा यसवर्ष धान उत्पादन बढ्यो

**शशिधर भण्डारी**
प्यूठान

यस वर्ष धान उत्पादन वृद्धि भएपछि प्यूठानका किसान खुसी भएका छन् । उचित समयमा भएको वर्षा, उन्नत जातको धानको बीउ छनोट र रोगको प्रकोप नदेखिएपछि जिल्लामा धान उत्पादनमा वृद्धि भएको हो ।

### कुन वर्षमा कती ?

| वर्ष | ०७९ | ०८० | ०८१ |
|---|---|---|---|
| उत्पादन | १८५९७ मेट्रिकटन | २१९६७ मेट्रिकटन | २५३१३ दशमलव ७५ मेट्रिकटन |



एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयको तथ्यांक अनुसार गत वर्षको तुलनामा यस वर्ष ३ हजार ३ सय ४६ मेट्रिकटन बढि धान उत्पादन भएको छ ।
कार्यालयका प्रमुख उमेशचन्द्र श्रेष्ठका अनुसार यसवर्ष जिल्लामा २५ हजार ३ सय १३ दशमलव ७५ मेट्रिकटन धान उत्पादन भएको छ । गत वर्ष २१ हजार नौ सय ६७ मेट्रिकटन धान उत्पादन भएको थियो । कार्यालयका अनुसार छ हजार पाँच सय ६५ हेक्टर क्षेत्रफलमा धान खेति गरिँदै आएको छ । जिल्लामा सबैभन्दा बढी प्यूठान नगरपालिका र सबैभन्दा कम नौबहिनी गाउँपालिकामा धान उत्पादन हुने गरेको छ । जिल्लामा उन्नत जातका बीउको प्रयोग गर्न थालिएको र मौसमले साथ दिएकाले उत्पादनमा वृद्धि भएको श्रेष्ठको भनाइ छ । उन्नत विऊमा सहयोग पुग्दा धान उत्पादन बढेको प्यूठान नगरपालिका-२ कि कृषक सर्मिला रावतले बताइन । सावित्री जातको उन्नत विऊको प्रयोगले गाउँका किसानहरुको धान उत्पादन बढेको उनले बताइन् ।धानको उन्नत विऊ उत्पादनको काम गर्दै आएको विजयनगर साना किसान सहकारी संस्थाको अध्यक्ष समेत रहेकी उनले उन्नत विऊको प्रयोग गर्दा रोगव्याधीमा कमी हुँनाले पनि उत्पादन बढेको सुनाइन् ।प्युठानका केही फाँटहरुमा सीमित सिँचाइ सुविधा उपयोग गरी कृषकले चैते धानको समत खेती गर्न थालेका छन् । जिल्लाको प्यूठान नगरपालिका, मल्लरानी र ऐरावती गाउँपालिकाको ८० हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिएको थियो । प्यूठानमा धान उत्पादन वृद्धि तथा प्रोत्साहनमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइले धान जोनका रुपमा काम गर्दै आइरहेको छ ।
प्यूठानका किसानले चैते पाँच, हर्दिनाथ-एक र हर्दिनाथ-तीन जातका बिउ चैते धानका रुपमा र वर्षायाममा राधा-१२, राधा-१४, सावित्री, हर्दिनाथ-छ जातका धानको बिउ प्रयोग गर्दै आएका छन् ।

## १८ वर्षे तुल बहादुर: यसरी बने राष्ट्रिय खेलाडी

**झुलेनी पोष्ट**
प्यूठान

प्यूठानको नौबहिनी गाउँपालिका-५ डामृका १८ वर्षे तुलबहादुर थापाको गाउँमा क्रिकेट खेल्ने मात्रै होइन हेर्नेहरु समेत अझै न्यून छन् । सामान्य परिवारमा जन्मेका थापाले भारतमा सिकेको खेलले नेपाली क्रिकेटर बन्दैछन् । काकाको साथमा भारतको चण्डिगढमा पढ्दा क्रिकेट खेल्न थालेका थापा १२ वर्ष उमेर मुनिको समुह भारतको चण्डिगडमा जिल्ला स्तरीय प्रतियोगिताको अवसर पाएका थिए ।
२०१६ मा भारतबाट कक्षा आठको परीक्षा दिएर घर आएका थापा दाङको भालुवाङमा भएको जिल्ला स्तरको मुस्लिम कप पर्तियोगितामा पहिलो पटक खेले यो उनको नेपालमा खेल यात्रा शुरु भयो ।
थापा नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा टी-२० फ्रेन्चाइज लिग नेपाल



प्रिमियर लिग मंसिर १५ देखि पुस ६ गतेसम्म काठमाण्डौंमा हुने फ्रेन्चाइज लिगमा समेत खेल्ने भएका छन् । उनलाई जनकपुर बोल्टर्सले २ लाखमा अनुबन्धन गरिसकेको छ ।
नेपाली राष्ट्रिय क्रिकेट टोलीका विकेट किपर ब्याटर आसिफ शेख मार्की खेलाडी रहेको जनकपुरमा पुबुदु दासानायके मुख्य प्रशिक्षकको जिम्मेवारीमा छन् । त्यहाँ थापाले थप अनुभव गर्दै छन् । देशको लागि क्रिकेट क्षेत्रको अन्तराष्ट्रिय खेल खेल्ने लक्ष्य रहेको थापा बताउँछन् । 'अनुभवी क्रिकेटरसंग खेल्न पाउँदा नेपाल प्रिमियर लिगलाई राष्ट्रिय टिमबाट खेल्ने ढोकाको रुपमा लिएको छु । उत्कृष्ट प्रदर्शनका लागि तयारी गरिरहेको छु ,' थापाले भने । थापा क्रिकेटमा बाया हाते च्याइनामेन स्पिनर हुन् । यो बलिङ तर्फ कमैमा क्षमता हुन्छ ।
यही कारण पनि धेरै छोटो समयमा धेरै लिग र फ्रेन्चाइजहरुमा अवसर पाएका हुन् । चौथो संस्करणको एभरेष्ट प्रिमियर लिग (इपिएल)मा भैरहवा ग्ल्याडियटर्सको ट्यालेन्ट हन्ट मार्फत राष्ट्रिय खेलमा अवसर पाएका थापाले नेपाल प्रिमियर लिग, प्रधानमन्त्री कप ९ वटा राष्ट्रिय स्तरका खेलहरु खेलेको जानकारी दिए । पछिल्लो समयमा शक्ति गौचनले प्रशिक्षण दिँदै आएको स्टार क्रिकेट एकेडेमीमा सिक्दै आएका छन् ।

### हाम्रो नजर

## मारुनी नाचको पुस्तान्तरण भएन



जिल्लाका विभिन्न ठाउँमा तिहारकोको समयमा नाचिने मारुनी नाचको पुस्तान्तरण भएको छैन् । मारुनी नाच पुस्तान्तरण नभएका कारण लोप हुने अवस्थामा पुग्न थालेको जानकारहरु बताउँछन् ।
माझकोट स्थित फुर्केथुममा नाचिाने मारुनी नाचका गुरुमुखे खगे पुन उमेरले ७७ वर्ष पुगे । उनको मारुनीमा विधिपूर्वक गाउने मोह भने जवानी अवस्थाको जस्तै छ । युवापुस्तालाई साथमा लिएर उनि माझकोट सहित प्यूठानका सरायँ मेलाहरुमा मारुनी देखाउन पुग्छन । तर मारुनी नाच नाच्न सिक्ने नयाँ पुस्ताको जागर नदेख्दा नाचनै लोप हुने उनलाइ चिन्ता छ । प्यूठान नगरपालिका-६ माझकोट फुर्केथुमका उनी आफूले जान्ने भएदेखि बाबुबाजेका साथ मारुनी देखाउन थालेको बताउँछन् । गाउँमा अहिले फुर्केथुम मारुनी नाच तथा भैलो समुह गठन गरेर गुरुमुखेको रुपमा मारुनी प्रदर्शन गरिन्छ । पूजाआजा, गाउँमा देउसी भैलोसंगै, जिल्लामा हुने सरायँ मेलाहरुमा, भाइटिकाको दिन हुने पुरभुरे(जेठो छोरो जन्मिदा मगर समुदायमा तिहारमा गरिने छैठीको प्रकार), छैठी, आमन्त्रण गरिएका देवालीहरुमा गइ मारुनी नाच नाचिने पुनले बताए ।
'मारुनी पछिल्लो समय संकटोन्मुख छ, युवा पुस्ता बैदेशिक रोजगारी, पेसा व्यवसायको सिलसिलामा गाउँबाहिर, पढाइका कारण गाउँ नबस्ने हुँदा गाउन र नाच्न रहर गर्ने युवा भेटिदैन' पुन भन्छन् 'केहीलाई साथमा लिएर सिकाउने गरेपनि कतिवेला विदेशिने हो भन्ने पो छ ।' पहिला आमा, दिदीबहिनीका सारी, चोलोलगायत भेषभूषा, गरगहना लगाएर नाच्ने गरेको उनको अनुभव छ ।
फुर्के थुम नाचका मादले पोषण पुनले सिंगारु(महिला भेष), पूरसुङ्गे (पुरुष) एक/एक र मादले २ गरी चार जनाले नृत्य गरिने बताए । माझकोटमा दशैको अष्टमीमा बृद्धिकोटमा समुन्द्र बाध्ने (मारुनी शुरुको प्रथम चरणमा देवदेवीको नाम पुकारी नाच्दै मारुनी शुरु

बाँकी ७ पेजमा...

जनहितमा जारी
- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको ,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको ,
- खेतियोग्य जमिनमा सिँचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले :
**भूमिगत जलस्रोतको पुनर्भरणका लागि :**
- जलाधार क्षेत्रको संरक्षण गरौं ,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं ,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वधार निर्माण गरौं ,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं ,
- द्रुत जल प्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं । दिगो विकासमा योगदान गरौं ।
जलश्रोत तथा सिंचाई
डिभिजन कार्यालय ,प्यूठान

झुलेनी पोष्ट
सम्पादकीय....

## किसानलाइ प्रोत्साहन गर्ने कार्यक्रम बनाउँ

यस वर्ष धान उत्पादन वृद्धि भएपछि प्यूठानका किसान खुसी भएका छन् । उचित समयमा भएको वर्षा, उन्नत  धानको बीउ छनोट र रोगको प्रकोप नदेखिएपछि जिल्लामा धान उत्पादनमा वृद्धि भएको हो । गत वर्षको तुलनामा यस वर्ष ३ हजार ३ सय ४६ मेट्रिकटन बढि धान उत्पादन भएको छ ।

जिल्लामा २५ हजार ३ सय १३ दशमलव ७५ मेट्रिकटन धान उत्पादन भएको छ। गत वर्ष २१ हजार नौ सय ६७ मेट्रिकटन धान उत्पादन भएको थियो । जिल्लामा ६ हजार ५ सय ६५ हेक्टर क्षेत्रफलमा धान खेति गरिँदै आएको छ ।

जिल्लामा सबैभन्दा बढी प्यूठान नगरपालिका क्षेत्रमा धान खेति गरिन्छ। जिल्लामा उन्नत जातका बीउको प्रयोग गर्न थालिएको र मौसमले साथ दिएकाले उत्पादनमा वृद्धि भएको किसानहरु बताउँछ । प्यूठानका किसानले चैते पाँच, हर्दिनाथ-एक र हर्दिनाथ-तीन जातका बिउ चैते धानका रुपमा र वर्षायाममा  राधा-१२, राधा-१४, सावित्री, हर्दिनाथ-छ जातका धानको बिउ प्रयोग गर्दै आएका छन् ।

यस वर्ष किसानले धान भित्र्याउन समयमा पानी नपरेपछि किसानलाइ थप राहत समेत किलेको थियो । प्यूठानका केही फाँटहरुमा सीमित सिँचाइ सुविधा उपयोग गरी कृषकले चैते धान खेती गर्न थालेका छन् ।

जिल्लाको प्यूठान नगरपालिका, मल्लरानी र ऐरावती गाउँपालिकाको ८० हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिएको थियो । चैते धान समेत राम्रो उत्पादन भएको किसानहरु बताउँछन् । प्यूठानमा धान उत्पादन वृद्धि तथा प्रोत्साहनमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइले धान जोनका रुपमा काम गर्दै आइरहेका छन् ।

जिल्लाका ९ वटै स्थानीय तहरुले पनि किसानलाइ थप प्रोत्सहन गर्ने कार्यक्रम ल्याउन सके धान मात्र होइन मकै, कोदो, गहुँ, जौं लागायतका बालीमा उत्पादन बृद्धी गर्न सकिन्छ ।  जनताको नजिकको सरकार स्थानीय तहहरुले कृषकलाइ राहत र हौसला प्रदान गर्ने कार्यक्रम बनाउन जरुरी छ ।

# श्रम निर्यात कि श्रमिक निर्यात?



डा. होमनाथ गैरे

**नेपालको हकमा देशले प्राप्त गर्ने रेमिटेन्स र यहाँको वैदेशिक व्यापार (आयात-निर्यात) का बीचमा केही सम्बन्ध देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा नेपालले करिब १६ खर्ब रूपैयाँ बराबरको वस्तु तथा सेवा आयात गर्दा जम्मा साढे एक खर्बको मात्रै निर्यात गर्न सक्यो ।**

चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा नेपालले दुई खर्ब ६३ अर्ब रूपैयाँ रेमिटेन्स प्राप्त गरेको छ। यो रकमगत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५ प्रतिशतले बढी हो । गत आर्थिक वर्ष २०८०/८१ मा नेपालमा कुल १४ खर्ब ४५ अर्ब रूपैयाँ रेमिटेन्स भित्रिएको थियो । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार उक्त रकम आर्थिक वर्ष २०७९/८० को तुलनामा १६.५ प्रतिशत बढी हो ।

यसले नेपालमा प्रतिमहिना औसत एक खर्ब रूपैयाँभन्दा बढीका दरले रेमिटेन्स भित्रिने गरेको देखाउँछा यो प्रवृत्ति बढ्दो क्रममा छ ।

सरकारबाट श्रम स्वीकृति लिएर कामदारका रूपमा विदेश जानेको संख्या र देश भित्रिएको रेमिटेन्सको तालमेल भने मिल्दैन । विद्यार्थी भिसामा विदेश जाने र गैरकानुनी रूपमा जानेको संख्या पनि निकै ठूलो छ । यस अवस्थामा देशले प्राप्त गरेको रेमिटेन्स श्रम स्वीकृति लिएर गएका श्रमिकको मात्र योगदान हो भन्न सकिँदैन । यो लेख भने नेपाली कानुन अनुसार श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने विषयमा केन्द्रित छ ।

नेपालको हकमा देशले प्राप्त गर्ने रेमिटेन्स र यहाँको वैदेशिक व्यापार (आयात-निर्यात) का बीचमा केही सम्बन्ध देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालले करिब १६ खर्ब रूपैयाँ बराबरको वस्तु तथा सेवा आयात गर्दा जम्मा साढे एक खर्बको मात्रै निर्यात गर्न सक्यो ।

आर्थिक वर्ष २०७८/७९ मा रेमिटेन्स आप्रवाह घट्दा विदेशी मुद्रा सञ्चितिमा संकुचन भई राष्ट्रिय ढुकुटीमै नकारात्मक असर परेको थियो । त्यसलाई व्यवस्थापन गर्न आयात नियन्त्रणसहित मौद्रिक नीतिमा कडाइको उपाय अवलम्बन गर्नुपरेको थियो । बैंक तथा वित्तीय संस्थाहरूको नाफा र समग्र वित्तीय प्रणालीमा लगानीयोग्य रकमको उपलब्धता पनि विदेशबाट प्राप्त हुने रेमिटेन्सबाट प्रभावित हुने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन् ।

यसरी विदेशमा काम गर्ने नेपालीहरूले पठाउने रेमिटेन्सको बढ्दो महत्त्वसँगै विशेष गरी नेपालको राजनीति, समाज र अर्थतन्त्रको सन्दर्भमा एउटा भाष्य बनेको छ - नेपाल श्रम निर्यात गर्ने देश हो, विदेशमा काम गर्ने श्रमिकले उनीहरूको पारिश्रमिक देशमा नपठाउने हो भने, नेपालको अर्थतन्त्र मात्रै होइन, समाज र राज्य संयन्त्र पनि चल्दैन ।

यसैसँग जोडेर भन्ने गरिएको छ - अर्थतन्त्र चलायमान गराउन, कर्मचारीले तलबभत्ता खान र नेताहरूले सुविधा भोग गर्न वा भ्रष्टाचार गर्न पनि देशबाट भइरहेको कथित श्रम निर्यात अझै व्यवस्थित गर्दै थप ज्याला प्राप्त हुने देशहरूमा श्रमिक पठाउनुपर्छ । सोहीअनुरूप सरकारले बढी ज्याला पाइने नयाँ श्रम-गन्तव्यहरू पहिचान गर्ने, श्रम-सम्झौता गर्ने र पहिल्यैदेखि नेपाली श्रमिकको गन्तव्य बनेका देशहरूसँग न्यूनतम पारिश्रमिक बढाएर नयाँ सम्झौता गर्ने रणनीति अवलम्बन गरेको देखिन्छ । हालै मलेसिया सरकारले गरेको श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि र नेपाली श्रमिकलाई त्यहाँको सामाजिक सुरक्षामा समावेश गर्ने घोषणा सम्बन्धी निर्णय, कतार सरकार द्विपक्षीय श्रम-सम्झौताका लागि लचक बनेको सन्दर्भ र दक्षिण कोरियामा थप श्रमिक पठाउने विषयमा भएको सहजता लगायतलाई नेपाल सरकारले आफ्नो रणनीतिक सफलताका रूपमा अर्थ्याएको छ ।

युएईमा घरेलु महिला कामदार पठाउन पाइलट परियोजना सञ्चालन; स्पेन र रोमानिया लगायत युरोपेली देशसँग श्रम-सम्झौताको तयारी र वैदेशिक रोजगारीमा जानेका लागि धितोबिना ऋण उपलब्ध गराउने जस्ता सन्दर्भ वर्तमान श्रममन्त्रीको सयदिने उपलब्धिका रूपमा प्रस्तुत गरिएको छ । सबै प्रदेशमा वैदेशिक रोजगार बोर्ड विस्तार गर्नेदेखि विदेशमा समस्यामा परेका कामदार-श्रमिकको उद्धार र राहतको विषय सोह्रौं आवधिक योजनामा प्राथमिकताका साथ समेटिएको छ ।

वैदेशिक रोजगारीका सम्बन्धमा स्थापित भाष्यअनुसार हेर्ने हो भने सरकारले रणनीतिक रूपमा थालेको पहलले नतिजा दिन थालेको देखिन्छ। तथ्यांकले पनि यस्तो संकेत गरेको छ । तथ्यांक केलाउने हो भने कोभिड-१९ महामारीको अवधिलाई अपवाद मान्दा हरेक वर्ष कामको खोजीमा विदेश जाने नेपालीको संख्या र उनीहरूले पठाउने रेमिटेन्स वृद्धिले यस्तै संकेत गर्छ । सरकारी तथ्यांकलाई नै आधार मान्ने हो भने पनि गत आर्थिक वर्ष २०७९/८० मा वैदेशिक रोजगारीका लागि पहिलो पटक श्रम स्वीकृति लिएर विदेश जाने नेपालीको संख्या ४० प्रतिशतले बढेर करिब तीन लाख पुगेको छ । पुनः श्रम स्वीकृति लिएर जाने करिब तीन लाख छन् ।

त्यसबाहेक सोही वर्ष श्रम स्वीकृति नलिई अवैध बाटो भएर जाने वा मापदण्ड नपुग्ने मुलुकहरूमा जाने र विद्यार्थी भिसामा जानेको संख्या पनि करिब साढे एक लाखको हाराहारी देखिन्छ । पढाइका लागि जाने र अवैध रूपमा जानेको तथ्यांक नभए पनि उनीहरूले पठाउने रेमिटेन्स बैंकमार्फत आएको खण्डमा उल्लिखित रेमिटेन्समा समावेश भएको हुन्छ । यसरी हेर्दा स्थापित भाष्यअनुसार वैदेशिक रोजगारी व्यवस्थापन वा प्रवर्द्धनका लागि सरकारले गरेको प्रयासको प्रतिफल त्यति आकर्षक देखिँदैन । यस पृष्ठभूमिमा वैदेशिक रोजगारीको भाष्य परिवर्तनको समय आइसकेको छ । यस विषयमा गम्भीरतापूर्वक ध्यान नदिने हो भने अबको केही वर्षमा परिस्थिति प्रतिकूल बन्ने प्रबल सम्भावना छ ।

यस्तो सम्भावनाबाट बच्न नीतिगत तहदेखि समुदायसम्म व्याप्त भ्रम र यथार्थको चिरफार आवश्यक छ ।

**श्रम निर्यात कि श्रमिक निर्यात?**

अहिले वैदेशिक रोजगारीलाई श्रम निर्यातका रूपमा बुझ्ने गरिएको छ । यसै कारण वैदेशिक रोजगारी थप प्रवर्द्धन गरी अझै धेरै रेमिटेन्स भित्र्याउने रणनीतिमा सरकार र प्रमुख सरोकारवालाहरू लागेका होलान् ।

बाँकी ६ पेजमा...


## नियमित रूपमा आँखाको जाँच गराऔं

**आँखा सम्बन्धी समस्या भएका आँखाका बिरामीहरूले बेलैमा आँखाको परीक्षण गराऔं । साथै सबैले समय समयमा आफ्नो आँखाको जाँच गराई आँखाको समस्याबाट बचौं ।**








**स्थानीय तहहरूसँगको सहकार्यमा ज्येष्ठ नागरिकहरूको निःशुल्क आँखा परीक्षण समेत गरिरहेकोले ज्येष्ठ नागरिकहरूले आफ्नो नागरिकताको फोटोकपी लिएर निःशुल्क रूपमा सेवा लिन नभुलौं । आँखा धमिलो देखिने र मोतीबिन्दु भएका बिरामीहरूले चेक जाँच गरेर विभिन्न समयमा हुने शिविरमा शल्यक्रिया सेवा पनि प्रदान गरिनेछ ।**

**लक्ष्मी मल्ल ठकुरी**
**प्रमुख**

**आँखा उपचार केन्द्र एवं प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवार, प्यूठान**

# काँस्कोटको मुसलमान संस्कृति



सरुमारानी गाउँपालिका क्षेत्रको काँस्कोट र बाङ्गेसाल क्षेत्रमा मुसलमान बस्ती रहेका छन् । बाङ्गेसाल भित्रि मधेश क्षेत्रको मुसलमान बस्ती हो । तर तस्बिरमा देखिने का'स्कोट भने प्यूठान जिल्लामा रहेको एकमात्र पहाडी मुसलमान समुदायको बस्ती हो । हिन्दुहरुको बीचमा रहेको यो मुसलमान बस्ती पनि यस क्षेत्रकै एक महत्वपूर्ण सांस्कृत्तिक सम्पदा हो । कुनै समय गाउँमा चुरा पोतेको व्यापार गर्ने यो समुदाय धार्मिक रूपले इस्लाम धर्मावलम्बी हुन् ।

काँस्कोट क्षेत्रमा मुसलमानहरूको आगमन र बसोबासको स्पष्ट इतिहास थाहा पाउने सामग्री प्राप्त भएको छैन । सन् १४९० देखि १५३० बीचमा राज्य गर्ने पाल्पाका राजा चन्द्रसेनसँग प्यूठानका राजा धुर चन्दको युद्ध भएको र पाल्पाको अधिनमा रहेको स्यूराज क्षेत्र प्यूठानको कब्जामा आएको इतिहास रहेको छ । यस आधारमा मुसलमानहरूको बाक्लो बस्ती रहेको स्यूराज प्यूठानमा गाभिए पछि प्यूठान राज्यमा १५ औं शताब्दीदेखि मुसलमानहरूको बस्ती रहेको भन्न सकिन्छ ।

सम्वत् १७०३ मा प्यूठानका राजा पृथ्वीपतिले राखेको एक ताम्म्रपत्रमा गुठी जग्गा हरण गर्ने काम त्यहाँका मुसलमानले गरेमा सुँगुर खाए बराबरको पाप लाग्ने भनिएको छ । यसबाट सत्रौं शताब्दीमा प्यूठानको पहाडी क्षेत्रमा पनि मुसलमान बसोबास रहेको देखिन्छ । यस आधारमा कम्तीमा १७ औं शताब्दीदेखि काँस्कोटमा पनि मुसलमान बस्ती बसेको अनुमान गर्न सकिन्छ ।

अल्लाह र उनका नवी मुहम्मदप्रति आस्था राख्नु, प्रत्येक दिन पाँच पटक अल्लाहको नाममा नमाज पढ्नु, वार्षिक आम्दानीको केही हिस्सा दान गर्नु, एक महिना लामो रमजानको उपवास बस्नु र जीवनकालमा कम्तीमा एक पटक मक्का मदिनाको तीर्थयात्रा गर्नुलाई प्रमुख धार्मिक अभ्यास मान्ने यो समुदायले इदउल फित्र र इदउल अजाँ जस्ता चाडहरू मनाउने गर्दछन् । अरबी भाषामा धार्मिक पुस्तकहरूको अध्ययन गर्नु र अरबी तथा उर्दू भाषामा धार्मिक अनुष्ठानहरू सम्पन्न गर्नु उनीहरूको संस्कृतिका थप विशेषताहरू हुन् । चित्रमा देखिएको पक्की ढलानयुक्त मस्जितमा उनीहरूले दैनिक नमाज पढ्ने गर्दछन् । साथमा रहेको भवन मदरसा हो। यस मदरसामा भने धार्मिक शिक्षा दिने कार्य गरिन्छ। फरक र मौलिक सांस्कृतिक अभ्यासको कारणले यी मुसलमान तथा उनीहरूको संस्कृति यस जिल्लाकै महत्त्वपूर्ण सम्पदा बनेको छ ।

भाषा सिकौं
कोरिया तथा जापान जाऔं
● नेपालका सर्वोउत्कृस्टक प्रशिक्षकद्धारा कोरियन तथा जापानिज भाषा प्रशिक्षण गराइने ,
● एकपटक भर्ना भएपछि इज्जामको डेटसम्म पढ्न मील्ने ,
● सम्पुर्ण बुक मिनीङ बुक र पिडिएफ पाइल उपलव्ध गराईने ,
बिजुवार भौकाको लागि सम्पर्क
९८६९१३८०७९
बाग्दुलाको लागि सम्पर्क
९८५७०७९८६०
द बेस्ट एजुकेशन फाउन्डेशन
प्यूठान न.पा.८ बाग्दुला प्यूठान

जनहितमा जारी सन्देश
● फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग गरिसकेपछि सावुन पानीले हात धुने बानी बसालौं ।
● व्यक्तिगत सरसफाईमा ध्यान दिऔं । घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
● दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौ खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
● कुहिने र नकुहिने फोहोर वर्गीकरण गरौं,र दुई छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
● सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारका फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं ।
अनुरोधक :
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान

मल्लरानी ट्रेडर्स एण्ड सप्लायर्स
प्रो. बिपिन श्रेष्ठ
राम के सी
प्यूठान न.पा ४ जाल्पादेवी रोड जुम्री, प्यूठान
९८५७८३३७६२
९८४७८७४५२४
हामी कहाँ सिमेन्ट, सरिया, ईटा, जस्ता पाता तथा हार्डवेयर सम्वन्धी सम्पुर्ण सामानहरु पाउनुका साथै घर निर्माणका सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ ।



# प्यूठानमा विगतभन्दा निकै धेरै बजेट ब्यवस्थापन गरेका छौँः सांसद थापा

**प्यूठान जिल्लाबाट निर्वाचित प्रतिनिधी सभा सदस्य *सूर्य बहादुर थापा क्षेत्री* सहकारी संस्थाको बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय विशेष छानविन समितिको सभापति भएर प्रतिवेदन बुझाएसंगै सरकारले उक्त प्रतिवेदनको कार्यन्वयन थालेको छ। छानबिन समितिको कार्य सम्पन्न पछि प्यूठान आउनुभएका सांसद थापासंग हरिप्रसाद भण्डारीले गर्नुभएको विशेष संवादको केहि अंश प्रस्तुत गरेका छौँ।**



***जिल्लाबाट प्रतिनिधि सभामा निर्वाचित भएदेखि हरेक महिना आफ्ना मतदाता भेट्न प्यूठान आउनुभएको थियो तर, यसपटक करिब चार महिनापछि आउनुभयो किन ?***

प्रतिनिधि सभाले सहकारी संस्था बचत रकम दुरुपयोग गरेको सम्बधमा संसदीय छानबिन विशेष समिति सर्वसहमतिमा गठन गर्यो। त्यसको सभापति मलाई चयन गर्यो । स्वभाविक रुपमा एउटा राष्ट्रिय मुद्धामा प्यूठानको जनप्रतिनिधिले नेतृत्व गने र क्षेमता प्रदर्शन गर्ने महत्वपूर्ण अवसर प्रतिनिधी सभावाट प्राप्त भएको थियो । प्यूठानबाट निर्वाचित हुने धैरै व्यक्तिहरु हुनुहुन्थ्यो तर, यो खालको जिम्मेबारी कसैले प्राप्त गरेको स्थिती थिएन । सवै पार्टीको तर्फबाट ७ सदस्यिय छानविन समितिको थियो। सहकारीमा खर्बौंको बचत ठगि,अपचलन, हिनामिना गरिएको समस्या समाधान गर्ने गरि अध्ययन, सुझाव प्रस्तुत गर्ने र छानबिन गरी कारवाहिको सिफारिस गर्ने गरी जिम्मेबारी प्राप्त थियो । त्यहि जिम्मेबारीका कारणले म जेठ २३ गते पछि यता भदौ ३१ गतेसम्म सिंगो रुपमा सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको काममा लगाउन पर्ने भयो। समय थोरै थियो हामिले ९९ दिन काम गर्यौं र प्रतिनिधी सभाको बजेट अधिवेशनको अन्तिम दिन हामिले प्रतिनिधी सभामा प्रस्तुत गर्यौं र अहिले त्यो कार्यन्वयनमा अगाडि बढेको छ। यो कुरा सवैलाई अवगत नै छ। म प्यूठानका केहि ज्वलन्त विषयमा वोल्ने काम त्यतिवेला पनि गरैं। तर, बैठकमा हाजिर गरेर छानबिन समितको काममा सक्रिय हुन्थैं। दिउँसो मात्र काम गरेर पूरा भएको थिएन राति र विहान ३ बजेसम्म बैठक गर्यौं।

प्यूठानको जनप्रतिनिधीका रुपमा, प्यूठानी जनताको म्याण्डेट र नासो सहित नै राष्ट्रिय जिम्मेबारीमा सक्रिय रहेका कारण म चार महिना आउन ढिलो भयो।

***अब यहाँले सहकारी विशेष समितिको सभापति भएर जुन स्तरको छानबिन छलफल चलाउनुभयो यस्ले राष्ट्रिय स्तरमा चर्चा प्राप्त गरेकै छ । यसमा प्यूठानको पनि एक हिसाबले शिर उच्च भएकै छ तर पछिल्लो समयमा यहाँले पेश गर्नु भएको यहाँको समितिले पेश गर्नु भएको प्रतिवेदनको कार्यान्वियन स्वरुप पूर्व गृहमन्त्री र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापती रबि लामिछाने प्रकाउपछि सडकमा जुन दृश्य देखिएको छ यसलाई कुन रुपमा लिनु भएको छ ?***

संसदीय छानविन विशेष समितिको प्रतिवेदन प्रस्तुत भएपछि सरकारले असोज २ गतेको मन्त्रिपरिषद बैठकबाट त्यसको कार्यान्वयन गर्ने निर्णय गर्यो। ६ गते छबिलाल जोशी प्रकाउ पर्नुभयो। उहाँ अनुसन्धानमा हुनुहुन्छ। सूर्यदर्शन सहकारी पोखरा र सुप्रिम सहकारी बुटवलको बचत हिनामिनाको विषयमा उहाँलाई अनुसन्धान गर्ने बयान लिने काम चलिरहेको छ। कार्तिक २ गते रवि लामिछाने प्रकाउ पर्नु भएको छ। उहाँलाइ अहिले सूर्यदशन सहकारीको बचत दुरुपयोग सम्बन्धमा छानबिन गर्ने र अनुसन्धान गर्ने काम भैराखेको छ।

हामिले खासगरी ४० वटा सकारीको ८७ अर्व बचत दूरुपयोग गरिएको, हिनामिना गरिएको र जनताको बचत सङ्कटमा परेको विषय औँल्याउने क्रममा जिबि राईको नेक्ससमा रहेका ७ वटा सहकारीको ८ अर्ब रकम हिनामिना भएको विषयलाई छानबिनको क्रममा तथ्य सहित स्थापित गरेका छौँ । जिबि राईको सम्बन्ध रहेका ५ वटा सहकारीबाट ६५ करोड ५४ लाख रुपैयाँ गोरखा मिडिया नेटर्वकमा पुगेको र त्यहाँ अपचलन गरिएको भन्ने निष्कर्षमा समिति पुगेको छ। यसरी सहकारीको रकम कानुन बमोजिम कम्पनिमा लगेर खर्च गर्न पाईन्न त्यो गैरकानुनी हुन्छ । गैरकानुनी श्रोतबाट प्राप्त रकम खर्च गर्ने काममा संलग्न रहेका कारणले गोर्खा मिडियाका १५ प्रतिशत शेयरका हिस्सेदार एकजना मालिक र तत्कालिन प्रबन्ध निर्देशक रवि लामिछाने सहित ४ जनाको नाम किटेर कारवाहिका लागि नेपाल सरकारलाई सिफारिस गरेका थियौँ। त्यसमा जिबि राई फरार छन्। कुमार रम्तेल, छबिलाल जोशी र रवि लामिछानेलाई पक्राउ परेर छानविनमा हुनुहुन्छ । दोषी ठहर होईन छानबिनको क्रममा हो। प्रहरीले छानबिन गरेर सरकारी वकिलको कार्यालय अभियोजन गर्छ र अदालतमा मुद्धा अगाडि बढ्छ।

***सर्वसहमतिमा प्रतिवेदन तयार पार्दासम्म रास्वपाको पनि प्रतिनिधत्व पनि थियो समितिमा । प्रतिवेदनले गोर्खा मिडियामा आएको रकम खर्च गर्ने जिम्मेबारीमा छानबिन र कारवाहिका लागि सिफारिस गरेको छ । तर, समितिको प्रतिवेदन संसदमा पेश भएपछि क्लिन चिट पाएको दावि गरिराख्नु भएको छ। यसको कारण के होला ?***

उहाँहरुले सोसल मिडियाको दुरुपयोग गरेर यसको गलत न्यारेसन बनाउन सकिन्छ, क्लिन चिटका रुपमा भेला देखी युटुवर प्रयोग गरेर न्यारेसन बनाउन सकिन्छ भन्नेमा हुनुहुन्थ्यो। तथ्य, प्रतिवेदन, अध्ययन, निष्कर्ष त्यस्तो थिएन । उहाँहरुले भदौ ३१ पछि असोज ८ सम्म त्यस्तो कोसिस गर्नुभयो । असोज ८ गते रवि लामिछाने फेसबुक लाईभमा आएर समितिको निष्कर्ष जे थियो त्यो ठाउँमा पुग्नुभएको छ । रकम ल्याउने काममा जिम्मेवार नभएपनि खर्च गर्नेमा जिम्मेवार रहेको र कानुन बमोजिम जवाफदेही हुने बताउनु भएको छ।

***नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङ्ग र लेखा समितिका संयोजक ऋषिकेश पोख्रेल जोडिएको सहकारीहरुको अनुसन्धान भएन र रास्वपा सभापतिमाथि मात्र अनुसन्धान गरियो भन्ने छ नि ?***

धनराज गुरुङ्गको विषय के छ भने हामिले त्यहाँ नक्कलि सम्बन्धविच्छेद शिर्षकमा कारवाहिका लागि सिफारिस गरेका छौँ । रवि लामिछानेको अनुसन्धानको स्टाटस र धनराज गुरुङ्गको अनुसन्धानको स्टाटस फरक हो। हामिले सम्बन्धित निकायलाई, त्यो भनेको सिआईविलाई प्रहरीलाई अनुसन्धान गर्न निर्देशन दिने निर्णय गरेका छौँ त्यो अनुसन्धान अगाडि बढ्ला।

धनराज गुरुङ्गको श्रीमतिले १४ करोड ८१ लाख मितेरी सहकारीको बचत रकम हिनामिना गरेको, गुरुङ्गले त्यसपछि सम्बन्ध विच्छेद गरेको, त्यो कागजात सहित हामिले ज्योति गुरुङ्ग अमेरिका फरार रहेका सूचनाका आधारमा खोजि गरि ल्याउन र अनुसन्धान गर्न भनेका छौँ र सरकारले रेडकर्नर नोटिस पनि जारी गरेको छ।

धनराज गुरुङ्गले पनि त्यो भएपछि सहकारी सम्बन्ध विच्छेद गर्नुभयो, कागजातले त्यो देखाउछ । सम्बन्ध विच्छेद गरेपछि पनि श्रीमतिको महलमा ज्योति गुरुङ्गको नाम लेखेर सांसद भएपछि, मन्त्रि भएपछि विवरण दिनुभएको छ। जमानि बसेर ऋण लिनुभएको छ । ९१ लाख २५ हजार ज्योति गुरुङ्ग सहितको ऋण तिर्नुभएको छ। यि चिजहरु संकास्पद छन् छानविन गर्नुस भनेका छौँ।

ऋषिकेश पोख्रेलको हकमा त कुनै विषय नै आएको छैन । नयाँ पत्रिकाले हामिले प्रतिवेदन बुझाउनु भन्दा ३ दिन अगाडि समाचार छापेको थियो। हाम्रो कार्यदिशमा त्यो विषय थिएन। प्रतिवेदन फाईनल गर्ने चरणमा थियौँ। कुन पत्रिकाले के विषय लेख्यो हामिले नोटिसमा लिने विषय थिएन। हामिले सहकारीको विवरण संकलन गर्न देशभर पत्राचार गरेका थियौँ त्यो वेला आएको होईन, कुनै गुनासो उजुरी पनि परेको होईन। उहाँ सहकारीको सञ्चालक सदस्य होईन श्रीमती सञ्चालक सदस्य हो। हामिलाई दिईएका २९ वटा सहकारीको अनुसुची १ र २ को जुन संख्या थियो त्यसमा यि सहकारीहरु थिएनन्। समितिले आफ्नो नोटिसमा आएका र सार्वजनिक विवादमा भएका सकेसम्म विवरण लिएर काम गरेको छ। टिओआरको स्पष्ट एउटा बुँदा गोर्खा मिडिया नेटवर्कमा प्रवाह भएको रकमको दुरुपयोगको सम्बन्धमा छानबिन गरेर संलग्न ब्यक्तिहरुलाई कारवाहि गर्ने भन्ने विषय यि सहकारीहरुमा थिएन। राज्यका निकायहरुले छानविन गर्न सक्छन्। कोहि पनि कारवाहिको दायराबाट उन्मुक्त छैन। छबिलाल जोशीलाई १ महिना अगाडि पक्राउ गरियो रवि लामिछानेलाई किन १ महिना पछाडि किन गरियो भन्नेजस्ता कुराको अर्थ छैन।

***विकासमा प्यूठान निरन्तर पछाडि पर्यो भन्ने विश्लेषण छ। यसको कारणको***

बाँकी ५ पेजमा...


गाउँपालिकाबासीलाई अनुरोध

- बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं
- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न, ब्यापार व्यवसाय प्रारम्भ गर्न, सन्ततिका लागी शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न, स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं।

अनुरोधक :
सरुमारानी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,बड्डाँडा, प्यूठान

बालबालिकालाई निमोनियाबाट बनाचौं

- बालबालिकालाई निमोनियाबाट जोगाऔं
- निमोनियाबाट बालबालिकालाई बचाउन, नियमित रुपमा लगाईने खोपहरु लगाऔं।
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं।
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं। सरसफाईमा उचित ध्यान दिऔं।
- सङ्क्रमण भएमा चिकित्सकसंग परामर्श गरौं।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान

# सिंचाइमा हँचुवाको भरमा बजेट, खर्च गर्नै सकस



**बोम बहादुर परियार**
प्यूठान

लुम्बिनी प्रदेश सरकारले अध्ययन बिना नै बजेट बिनीयोजन गर्दा कार्यन्वयन गर्ने सकस हुने गरेको छ। प्रदेश उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले बिनियोजन गरेको ५५ लाख अध्ययनबिनै विनियोजन गरेको कारण कार्यान्वयन हुन नसकेको जलस्रोत तथा सिंचाइ बिकास डिभिजन कार्यालय प्यूठानले जनाएको छ।

कार्यालयमा आर्थिक बर्ष २०८०/८१ मा मझौला तथा वैकल्पीक प्रविधिमा आधारित सिंचाइ, सिंचाइ आयोजना मर्मत सुधार तथा बिस्तार, जल उत्पन्न प्रकोप न्यूनिकरण तथा व्यवस्थापनमा मन्त्रालयले बजेट बिनियोजन गरेको मध्य विभिन्न बजेट शिर्षक मध्य ५५ लाख रुपैयाँ बजेट कार्यन्वयन गर्न नसकि सुचना अधिकारी देवनाथ पण्डितले बताए।

स्यानि दमार लिफ्ट सिंचाइ योजना प्यूठान नगरपालिका १, १५ लाख , महले टोल लिफ्ट सिंचाइ योजना सरुमारानी गाउँपालिका १,१० लाख , नीलो रह लौरिबाङ सिंचाइ कुलो निर्माण नौबहिनी गाउँपालिका ४, १० लाख र सुमन्तेचौर तटवन्ध झिम्रुक गाउँपालिका २ को २० लाख गरि ५५ लाख बराबरको रकम कार्यन्वयन नभएको पण्डितले बताए। प्राविधिक मुल्यांकनबिनै हचुवामा योजनाहरुमा न्यून बजेट बिनियोजन भएको हुँदा कार्यान्वयनमा कठिनाइ भएको पण्डितले बताए।

टतबन्धन गर्न उपयुक्त ठाउ नदेखेपछि सुमन्तेचौरका लागि विनियोजन भएको बजेट कार्यन्वयन नभएको भिम्रुक गाउँपालिका वडा अध्यक्ष कृष्ण प्रसाद पोखेलले बताए।

त्यस्तै निलो रह लौरिबाङ सिंचाइ कुलो निर्माणको योजनाम अफ्यारो ठाउमा भएको र अति कम बजेट भएका कारण कार्यन्वयन गर्न नसकिएको वडा अध्यक्ष भिम बहादुर घर्ती मगरले बताए।

## प्यूठानमा......

*रुपमा प्यूठानका सांसदहरुले विद्रोहको राजनीति गर्नुलाई मानिएको छ। निकै ठुलो गठबन्धनलाई पराजित गरेर तपाई निर्वाचित हुनुभयो। प्यूठानको विकासमा तपाईका प्राथमिकता के छन् ?*

मैले निर्वाचनसंग सम्बन्धित आफ्ना प्रतिवद्धतामा यि विषयहरु अघि सारेको छुँ। म सबैभन्दा बढि हाम्रो समर्थनमा बनेको पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बनेको सरकार सञ्चालित थियो। अर्थमन्त्री हाम्रो छिमेकी जिल्लाका सांसद वर्षमान पुन अनन्त हुनुहुथ्यो। मैले भेटर पनि कुरा गरेको थिय। उहाँले मलाईचाहि यो प्रकिया अघि बढाउने भन्नुभएको थियो तर बजेट हामिले दिएका सुझाव अनुसार आएन। त्यसपछि मैले संसदबाटै भनेको थिएँ-नेकपा एमालेका तर्फबाटै भौतिक पुर्वाधार तथा यातयात मन्त्री रघुबिर महासेठ र अर्थमन्त्री वर्षमान पुन अनन्तले जुन बजेटमा खेलवाड गर्नु भयो। यो खेलवाडले सरकार धेरै अगाडि बढ्न सक्दैन भनेर पनि भनेको थिए, तदनुरुप अघि बढेन। भालुवाङ्ग-प्यूठान मोटरबाटोलाई डवल लेनको बनाएर जानुपर्छ भनेर निर्वाचित भएदेखि नै त्यो शिर्षक प्रवन्ध गरेका छौं। यद्यपी त्यसका लागि २० करोड बजेट प्रबन्ध गरेर बहुवर्षिय रुपमा अगाडि बढाउने हो भने त्यसमा धेरै खर्च लाग्दैन करिव ८४-८६ करोडमा त्यो सम्पन्न हुन्छ। अहिले बड्डाडा देखि देविस्थान सम्म विभिन्न मोडहरु काट्न करोडौँका काम भएका छन्। गर्जेनिमा पहिरो झरिरहेको छ तर, साँघुरो चट्टान काटने काम यहि विचमा भएको छ।

यो सडक अन्तरगत जेमुनडाडा लगायतका ठाँउमा काम भएका छन्। अहिले पनि झण्डै ९ करोड र अघिल्लो वर्ष ८-साढे ८ करोड बजेट छुट्याएका छौं। तर, यसलाई एउटा ढाँचामा लैजाने र जिल्ला सदरमुकाम जोडने सडकलाई डवल लेनको बनाउने मुख्य प्राथमिकता हो। यो गर्न सकियो भने प्यूठानीले दिपावली गर्ने ठुलो महत्वको काम हुनेछ।

दोश्रो, गोबिन्दराज पोखेल राष्ट्रिय योजना आयोगको उपाध्यक्ष हुँदा बजेट बक्तव्यमा समावेस गरिएको बाग्दुला भिमगिठे सडक, बजेट शिर्षकमा त भालुवाङ्ग, बाग्दुला, भिमगिठे सडक भनिएको छ। म जितेर गईसकेपछि त्यसका ५ जना आयोजना प्रमुखहरु बदलिएका छन्। सबैसंग छलफल भएको छ। कागजातको प्रक्रिया कुनै बाँकी छैन। निरन्तर धाईएको छ। तर, ८ महिना यता भारतिय एक्जिम बैंक जो डोनर हो उस्ले कुनै जवाफ दिएको छैन। यो योजनाको कारण हामि १२ वर्ष पछाडि पर्यौं। ७६/७७ मा निर्वाचन क्षेत्र रणनीतिक सडक भन्ने कार्यक्रम अघि सार्यो सरकारले। माननिय दुर्गा पौडेलले खलंगा, मल्लरानी भएर गोखुंगा जोडने सडक छानेर सिफारिस गर्नुभयो। अहिले माथि पातिहाल्नाबाट बाढि आएर मरन्ठाना, भुस्वाङ खोला चुदरी खोलामा जसरी बाढि आएको छ गलत योजना छनोटले समस्या भएको छ। त्यहाँ त्यो बजेट जरुरी थिएन २० करोडको योजनाले नै सडक बन्न सक्थ्यो। हाम्रा योजना छनोटमा मुर्खता, दुर्बुद्धि, पक्षपात देखापरे। अब भालुवाङ, बाग्दुला, भिमगिठे सडकको ठेक्का लगाउने भए ठेक्का लगाउन नत्र हात झिक भनेर अभियान सुरु गरेका छौं। तिहार पछि अर्थमन्त्रीसंग, सम्बन्धित मन्त्री, सचिवहरु लगायतसंग छलफल गर्छु। लोमो समय हामि पर्खिन सक्ने स्थितिमा छैनौं।

सौतामारे मच्छि हुदै मदन भण्डारी राष्ट्रिय राजमार्ग, गोखुङ्गा, खरिबोट हुदै बाग्दुला हुदै मदन भण्डारी राजमार्गको कुरा छ यि ठेक्का लगाएका योजना सम्पन्न गर्ने ठेक्का नलागेका ठाउमा ठेक्का लगाउने काम अगाडि बढाएका छौं। बाग्दुला स्याउलिवाङ्ग सडकको ठेक्का लागेको छ र प्रदेशको महत्वपूर्ण योजनाका रुपमा अगाडि बढेको छ। अहिले बाहाने देखि स्याउलिवाङ्ग सम्मको काम अगाडि बढ्छ। जिवराज आश्रित-कृष्णसेन ईच्छुक सडकको निर्माण काम छिटो सम्पन्न गर्नेगरी अगाडि बढाउन भनेका छौं। कति पक्कि संरचना र पुलहरु बनिसकेका छन्। रजवारा बाग्लुङ जोडने बाटोमा १ करोड छुट्याईएको छ। ठुलावेशी देखि स्याउलिवाङ जाने बाटोका लागि १ करोड १८ लाख बढि छुट्याईएको छ। गुल्मिको होलवाङ देखि गलङछन, अर्खा, तामाखानि, कैया भएर लुङ्ग रिठाघाट जोडने बाटोका लागि १ करोड छुट्याएका छौं। बेलुवा देखि बाग्दुला सडक विस्तारका लागि १ करोड छुट्याईएको छ। प्यूठान नगरपालिकाका मेयर संग कुरा भईरहेको छ। तिहारपछि काम सम्पन्न गर्नेगरी अर्थ मन्त्रालयमा कुरा गरेर बजेट प्रबन्ध गर्न अघि बढ्ने भनेका छौं। बेलुवा देखी खैरा पल्लो पुलको छेउबाट बाग्दुला पुग्ने नयाँ ट्याक खोल्न १ करोड ६२ लाख बजेट छुट्याएर ठेक्का लागेको छ। भित्रिकोट देखि झाक्रिस्थान सम्मको पर्यटकीय मार्गको लागि १ करोड ६२ लाख प्रबन्ध गरेका छौं। टारी देखि ढुंगेठाटी भएर रोल्पा जोडने सडकमा २ खण्डमा गरेर २ करोड ६२ लाख वढि बजेट व्यवस्था गरिएको छ। बादिकोट मैदान भएर बासखोला जोडने र बौडा जोडने सडकको निम्ति २ करोड ६२ लाख व्यवस्था गरिएको छ। ढाड देखि बादिकोट भएर गुल्मी जोडने सडकका निम्ति १ करोड व्यवस्था गरिएको छ। मच्छिबाट ठुलावेशी जोडने, बतासेडाडाँबाट मच्छि जोडने, बाग्दुलाबाट मच्छि जोडने सडकका निम्ति बजेट व्यवस्था गरिएको छ। मरेङ र छेपाने जोडने त्यसलाई खरिबोट बाट नेपाने जोडने बाटोका लागि १ करोड व्यवस्था गरेका छौं। पालुकाथान, नौघाट,पकला, हरियाटारी, जावुने भएर बरौला निस्कने बाटोमा १ करोड छुट्याएका छौ। अमिलि, मान्द्रे, जुडा हुदै अर्घाखाची जोडने बाटोमा १ करोड, बरौला, खैरा खलंगा जोडने बाटोमा १ करोड, चेरनेटा धाईरिचौर भएर वर्जिवाङ, सारी रोल्पा जोडने मोटरवाटोमा १ करोड छुट्याएका छौं। यस हिसावले हामिले विगतमा भएका बजेट विनियोजन भन्दा निकै धेरै बजेट व्यवस्थापन भएको छ। धन्यवाद।

# छोटकरी

## गौमुखीमा जेष्ठ नागरिकलाई वडामै भत्ता

**झुलेनी पोष्ट**
प्यूठान

गौमुखी गाउँपालिकाले वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण थालेको छ। स्थानीय जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र अशक्त ब्यक्तिलाई लक्षित गरेर वडाबाटै भत्ता वितरण शुरु गरिएको हो।

गौमुखी गाउँपालिका र नेपाल एसबीआई बैंकको सहमतिमा वडाबाट भत्ता वितरण सुरु गरिएको गाउँपालिका अध्यक्ष विष्णुकुमार गिरीले बताए। आईतबार गाउँपालिकाको वडा नं. १ वडा बाट शुरु भएको वितरण कार्य सबै वडामा पुगेर गरिने अध्यक्ष गिरीले जानकारी दिए।ठुलाबेशीमा रहेको बैंकबाट भत्ता बुझ्दा दुःख भएको भन्दै सेवाग्राही यसअघि गुनासो गरेका थिए। बैंक वडामा पुग्न नमानेपछि सेवाग्राहिले आन्दोलन समेत गरेका थिए। आन्दोलनपछि बैंक र पालिकाबिच वडामा पुगेर भत्ता वितरण गर्ने सहमति भएको थियो। वडाबाट सामाजिक सुरक्षा भत्ता वितरणले लामो दुरीबाट भत्ता लिन आउँदा सास्ती भोग्दै आएका नागरिकलाई सहजता भएको छ।

भत्ता वितरण कार्यक्रममा गाउँपालिका उपाध्यक्ष महाविर रानामगर,वडाका जनप्रतिनिधि, कर्मचारी र एसविआई बैंकका कर्मचारी पुगेका थिए। जिल्लाका मल्लरानी गाउँपालिका, स्वर्गद्वारी नगरपालिका नौबहिनी गाउँपालिकाले बैंक संगको समझदारीमा गाउँ पुगेर भत्ता वितरण गर्दै आएका छन्।

## निर्वृत शिक्षक हकहित समाज गठन

**झुलेनी पोष्ट**
प्यूठान

प्यूठानमा निर्वृत शिक्षक समाज गठन गरिएको छ। निर्वृत शिक्षकहरुको हकहितका लागि आईतबार बालमन्दिरमा भएको भेलाबाट निर्वृत शिक्षक समाजको गठन गरिएको निबृत्त शिक्षक भेषराज रिजालले जानकारी दिए।

निर्वृत शिक्षक समाजका केन्द्रीय सदस्य गोबिन्द न्यौपानेको अध्यक्षता र प्यूठानका पूर्व शिक्षकहरुको सहभागिता रहेको थियो। भेलाले हुकुम बहादुर बिस्टको अध्यक्षतामा ९ जनाको तदर्थ समिति गठन गरेको छ। उपाध्यक्ष भगवता बिस्ट, सचिव माधव के.सी , सदस्यहरु डिमराज पोखेल, कमल रिजाल, मदनकुमार पोखेल, लेखबहादुर बिस्ट, टोपबहादुर मल्ल , झगबहादुर बिस्ट रहेका छन्।

संस्थाको सल्लाहका गेहराज शर्मा, टंकबहादुर खड्का, गेहराज थापा ,कमल पोखेल र मेघराज पौडेल चयन भएका छन्। समाजका देशका ६० वटा जिल्लामा शाखा गठन भइसकेको छ। माघ भरमा जिल्ला अधिवेशन र फागुनमा राष्ट्रिय अधिवेशन गर्ने तयारी गरेको जनाएको छ।

## जुम्रीकाढामा न्यौपाने समाजको प्रथम सम्मेलन

**झुलेनी पोष्ट**
प्यूठान

कौडिन्य गोत्रीय न्यौपाने समाज, प्यूठान जुम्रीकाढाको वंशावली विमोचन तथा प्रथम सम्मेलन सम्पन्न भएको छ। शनिवार प्यूठान नगरपालिका-५ जुम्रीकाँढामा भएको कार्यक्रममा जुम्रीकाढा उद्‍गम भएका भाइहरुको बंशावली पुस्तक विमोचन गरिएको हो।

प्रमुख अतिथि प्यूठान नगरपालिकाका नगरप्रमुख विष्णु बहादुर योगी र विशेष अतिथि न्यौपाने बन्धु समाज नेपालको केन्द्रीय उपाध्यक्ष गोविन्द न्यौपानेले पुस्तक विमोचन गरेका हुन्। न्यौपानेको इतिहास जुम्ला हुँदै गौमुखी गाउँपालिका-४ पूजाबाट जिल्लाका विभिन्न स्थान फैलिएको पाइएको छ।

सम्मेलनले परम्परा समान गराउन भाइबन्धु मिलेर एकीकृत नियम गराउने निर्णय समेत गरिएको छ।

न्यौपाने बन्धु समाज प्यूठान जुम्रीकाँढाको मुल समितिका अध्यक्ष इश्वरी प्रसाद न्यौपानेको अध्यक्षतामा भएको सम्मेलनले घनश्याम न्यौपानेको संयोकत्वमा १३ सदस्यीय तदर्थ समिति गठन गरेको सदस्य तुल्सीराम न्यौपानेले जानकारी दिए। जसको सहसंयोजक जायश्वर न्यौपाने, सदस्य तुल्सीराम न्यौपाने, झामुराम न्यौपाने, पदम न्यौपाने, सिमन्त न्यौपाने, थमिराम न्यौपाने, चन्द्रलाल न्यौपाने लगायत रहेका छन्।

## जाल्पा टोल व्यवस्थापन समितिको अधिवेशन सम्पन्न

**झुलेनी पोष्ट**
प्यूठान

जाल्पा टोल व्यवस्थापन समिति प्यूठान नगरपालिका-४ को तेश्रो साधारण सभा तथा पहिलो अधिवेशन शनिवार सम्पन्न भएको छ। लोकबहादुर बस्नेतको अध्यक्षतामा भएको अधिवेशनको प्रमुख अतिथि प्यूठान नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष रेशम बहादुर कार्की रहेका थिए। प्रमुख अतिथि कार्कीले टोल व्यवस्थापन समिति राम्रो हुँदा वडाको विकासमा सहजता हुने भन्दै जाल्पा टोल व्यवस्थापन समितिले गरेको कामको प्रसंशा गरे। उनले टोल विकासको लागि वडा कार्यालय सधैं साथमा रहेको समेत बताए। पहिलो अधिबेशनबाट खिम बहादुर जि.सी.को अध्यक्षतामा ९ सदस्य व्यवस्थापन समिति निर्विरोध निर्वाचित भएको छ।

समितिको उपाध्यक्ष गिता अधिकारी, सचिब बिशाल खडका, कोषाध्यक्ष दुर्गाभक्त श्रेष्ठ र सदस्यहरु सुर्य बहादुर भण्डारी, श्रीधर रिजाल, सीता थापा, यम बहादुर थापा र कृष्णा शिलवाल रहेका छन्। टोल व्यवस्थापन समितिले टोलको सरसफाई, संस्कृति संरक्षणका कार्यक्रम लगायतका काम गर्दै आएको नवनिर्वाचित सचिव विशाल खड्काले जानकारी दिए। समितिमा जाल्पा टोलका ८० घरधुरी परिवार सदस्य रहेका छन्।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

## कर्मचारीको गर्धनमा तरबार
# झुन्ड्याएपछि कसरी हुन्छ त विकास

नेपालमा पुँजीगत बजेट नै चालु खर्चको तुलनामा न्यून छ। आर्थिक वर्ष २०८०/८१ मा पुँजीगत बजेट जम्मा १९ प्रतिशत छ। यसै त पुँजीगत बजेट न्यून छ त्यसैमाथि १० वर्षको औसत खर्च केवल ६७.५ प्रतिशत छ। यसरी पुँजीगत खर्च न्यून हुनुका कारणहरू यो आलेखमा केलाइएको छ।



*ई. नारायणदत्त भण्डारी*

**बजेट विनियोजनमा असमानता**

वार्षिक बजेट तथा बहुवर्षीय योजनाका लागि बजेट विनियोजनको कारणले गर्दा कतै खर्च हुन नसक्ने र कतै रकम अभावको कारणले पुँजीगत खर्च कमजोर देखिन्छ। प्राथमिकतामा आधारित बजेट विनियोजनभन्दा मतदातालाई खुसी पार्न बढी केन्द्रित हुने परिपाटी र ठूला योजनामाभन्दा खुद्रे योजना बढी केन्द्रित हुनाले पनि पुँजीगत खर्चमा समस्या आउने गरेको छ।

बजेट बनाउने बेलामा विषयगत मन्त्रालय र अर्थ मन्त्रालयमा बजेटमा समावेश गर्न उच्चपदस्थको भिडभाडले योजना छनोट तथा बजेट विनियोजनमा प्राथमिकीकरण गर्नमा निश्चय नै फरक पार्छ। त्यसको नतिजा पुँजीगत खर्चमा पर्ने नै हुन्छ।

त्यसैगरी दातृ निकायद्वारा संचालित आयोजनाहरूको कार्यान्वयन चरणमा अनेकौं प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। जस्तै वातावरणीय मूल्याङ्कन, लैङ्गिक, मुआब्जा, क्षतिपूर्ति, समपूरक रकम आदिका कारणले गर्दा पुँजीगत खर्च कम हुने हुनाले अझ ठूलो परिमाणको काममा समग्र पुँजीगत खर्च कम हुन जान्छ।

ठूला आयोजना मानिएका फास्ट ट्र्याक, टोखा-छहरे सुरुङ मार्गमा बढी बजेट विनियोजन भयो। तर काम भने टोखा-छहरे सुरुङ मार्गमा झन्डै शून्य र फास्ट ट्र्याकमा धेरै न्यून प्रगति भयो। सन्तुलित बजेट विनियोजन नहुँदा तथा योजना छनोट र प्राथमिकीकरणको कमीले पुँजीगत खर्च कम हुनेगरेको छ।

**झन्झटिलो तथा लम्बेतान खरिद प्रक्रिया**

सार्वजिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ द्वारा निर्देशित खरिद प्रक्रिया लम्बेतान तथा झन्झटिलो छ। परिणाममुखीभन्दा पनि प्रक्रियामुखी र उत्प्रेरणामुखीभन्दा नियन्त्रणमुखी छ। विकसित मुलुकहरूमा प्रयोग हुँदा असफल भएका कतिपय प्रक्रियाहरू हामीले प्रयोगमा ल्याइरहेका छौं। विशेषगरी प्राविधिक पक्षभन्दा अन्य पक्षमा ध्यान केन्द्रित गर्नुपर्ने खालका नियमले गर्दा पनि समस्या उत्पन्न गर्छ।विकासका आयाममा सन्तुलन भएन भने अर्को आयाममा जति प्रयास गरे पनि परिणाम आउँदैन। निर्माणपूर्वका काम जस्तै जग्गा प्राप्ति, रुख कटान विद्युत्को पोल सार्नेलगायतका कामहरू पनि असाध्यै कठिन तथा लामो समय लिने हुनाले उपलब्धि कम हुनेगर्छ। खानेपानीमा मुहानको विवाद, सिँचाइमा स्रोतको विवादजस्ता कारणले गर्दा पनि समस्या आउने गरेको छ।

खरिद प्रक्रियाको समय पनि असाध्यै लामो छ। न्यूनतम समय गणना गर्ने हो भने पनि बजेट प्राप्त भएपछि सिलबन्दी दरभाउपत्र (२० लाख) का लागि ४२ दिन, २ करोड रुपैँयासम्मका लागि ५७ दिन २ करोडभन्दा माथि कम्तीमा ९१ दिन, 'आईसीबी कन्ट्र्याक्ट'मा ९ महिनासम्म पनि लाग्ने गर्छ। दातृ निकाय द्वारा सञ्चालित योजनाहरूमा उल्लेखित समयको दोब्बर समयसम्म लाग्ने गर्छ। बहुवर्षीयठेक्काको हकमा अझ बढी समय लाग्ने गरेको छ।

जग्गा प्राप्ति ऐन, २०३४ धेरै पुरानो हुँदा समयानुकूल र स्पष्ट छैन। संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र स्पष्ट छैन। राजमार्गमा सडक सीमाको समस्या छ।

सडक सीमा भनिएको छ तथा लगत कट्टा नहुँदा व्यक्तिकै नाममा जग्गा कायम हुँदा संवैधानिक हकको उपचार भनी अदालातमा मुद्दा पेस हुने र मुआब्जा दिएरमात्र गर्नु/गराउनू भन्ने आदेशले वर्षौंसम्म आयोजना अलपत्र पर्ने स्थिति छ।

नेपालमा परामर्शदाताका क्षमता पनि कमजोर देखिन्छ। डीपीआर डिजाइन, ड्रइङ्गहरू वास्तविक कार्यस्थलसँग मेल खाँदैन। फलस्वरूप, 'डिजाइन रिभ्यु' हुन जान्छ। डिजाइन रिभ्यु तथा भेरिएसन स्वीकृत गराई काम गराउन खरिद ऐन नियमअनुसार महाभारत नै हुन्छ।

लामो समय लाग्ने, सकभर गर्न नपरे हुन्थ्यो भन्ने प्रवृत्ति र गर्नै परे आफू विवादमा नपर्नेगरी सिफारिस तथा निर्णय गर्ने प्रवृत्ति हुँदा समयमै काम नसकिने कारण बन्न जान्छ।

खरिद विधिमै कम कबोल गर्ने बोलपत्रदातालाई दिनै पर्ने बाध्यात्मक अवस्थाले कमजोर कार्यक्षमता भएका निर्माण व्यवसायी छनोट गर्नुपर्ने। त्यही कारण पनि काम अलपत्र पर्नेगरेको छ। पछिल्लो समय नियमावली संशोधन गरेर म्याद थप भइहाल्छ भन्ने प्रवृत्ति बढ्दो छ। फलस्वरूप, बेइमान निर्माण व्यवसायीले सहुलियत पाएजस्तो हुन्छ भने इमानदारले काम गरेर पनि खासै सहुलियत नपाएका कारण त्यस्ता निर्माण व्यवसायीहरू निराश भएको पाइन्छ।

**नियामक निकायको तरबार**

नेपालमा नियम निकायहरू प्रशस्तै छन्। एउटा राष्ट्रको गौरवको आयोजना कार्यान्वयन गर्ने क्रममा २२ वटाभन्दा बढी नियामक निकायप्रति जवाफदेही हुनुपर्ने हुन्छ। प्रत्येक नियामक निकायको फरकफरक उद्देश्य र 'फरम्याट' हुन्छन्। कतिपय निकायलाई सिफारिस एवं विश्लेषणात्मक प्रतिवेदन उपलब्ध गराउनुपर्छ।संसद्, संसदीय समिति, प्रधानमन्त्री कार्यालय, राष्ट्रिय योजना आयोग, संघीय मन्त्रालय तथा महाशाखाहरू, विभाग तथा महाशाखाहरू, अर्थमन्त्रालय तथा महाशाखाहरूप्रति जवाफदेही हुनुपर्छ। त्यसअतिरिक्त प्रदेशस्तरका अनुगमन कार्यालयहरू, मुख्यमन्त्री कार्यालय, प्रदेश मन्त्रालय प्रदेश संसद र प्रदेश संसदहरू, पालिकाहरू, वडा कार्यालयहरू, मिडिया, सामाजिक सञ्जाल, स्थानीय प्रशासन, समन्वय समितिलगायतका संघसंस्थालाई कुनै न कुनै स्वरूपमा विवरण तथा प्रगति पेस गर्नुपर्ने हुन्छ।

यसकारण एउटा निकायलाई तयार गरेका विवरण अर्को निकायलाई मिल्दैन। त्यसैले निर्माण कार्यमा दिनुपर्ने प्राविधिकको समय विवरण तयारी गर्दै बित्छ। फलतः योजनाको समय, लागत र गुणस्तरमा ह्रास आउँछ। अझ 'मिसइन्फरमेसन' हुँदै 'डिसइन्फरमेसन' सम्मको मारमा पर्नुपर्ने हुन्छ। त्यसमा सार्वजनिक अधिकारीहरूले कसरी जोगिने भन्ने भयमा काम गर्नुपर्ने हुन्छ।

पुँजीगत खर्च गर्दा कमी कमजोरीहरू संसारभरि नै हुन्छ। तर, विकसित मुलुकहरूमा कमीकमजोरीबाट सिक्ने प्रयत्न हुन्छ भने हाम्रो देशमा केकस्ता कमजोरी फेला पार्न सकिन्छ भनी चियोचर्चा रहन्छ। अर्थात् तिललाई पहाड बनाइन्छ, भ्रामक तथ्यलाई 'भाइरल' बनाउने होड बाजी चलेको पाइन्छ। कर्मचारीहरू जहिलेसुकै भयको वातावरणमा गुज्रिरहेका हुन्छन्। कमी कमजोरीको छानबिन र कारबाही गर्ने निकाय नै कुन् हो भन्ने अन्योल छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रशस्तै उजुरी पर्ने, अनुसन्धानका क्रममा सक्कलै कागजपत्र माग हुँदा काममा

बाँकी ७ पेजमा...

# ऐतिहासिक डल्ले सरायँमा थापडाँडा उत्कृष्ट



**झुलेनी पोष्ट**

प्यूठान

प्यूठाननगरपालिका-७ डल्लेमा भाइटिकाको भोलीपल्ट लाग्ने सरायँमा थापडाँडा सरायँ उत्कृष्ट भएको छ। ९ वटा सरायँ समुहहरुले सरायँ प्रदर्शनीमा भाग लिएकोमा सो समुह प्रथम भएको हो।

प्यूठान नगरपालिका-४ थापडाँडाको सरायँलाई पुरस्कार वापत एक लाख रुपैया प्रदान गरिएको हो। द्धितिय प्यूठान नगरपालिका-१,खैरा सरायँ समुहलाई ७५ हजार, र तृतिय प्यूठान नगरपालिका-१०, सारीबाङ सरायँ समूहलाई ५० हजार पुरस्कार हस्तान्तरण लुम्बिनी प्रदेश सरकारका सहरी विकास मन्त्री सरोज थापा (रोज राणा) ले गरेका हुन्। सहभागी सवै समूहलाई २०/२० हजार रुपैयाँ प्रोत्साहन र सरायँ नाचको यातायात व्यवस्थापनको रूपमा प्रदान गरिएको सराय व्यवस्थापन समितिका अध्यक्ष कमल रिजालले जानकारी दिए। मन्त्री थापाले ऐतिहासिक महत्व बोकेको मेलालाई थप व्यवस्थित ढंगबाट सञ्चालन गर्न प्रदेश सरकारले प्रतिवद्ध रहेको बताए। 'डल्ले सरायँको व्यवस्थापनका लागि आवश्यक लिखित मागहरु पेश गर्नुहुन अनुरोध गर्दछु' मन्त्री थापाले भने,'आवश्यक प्रबन्ध म मिलाउछु।' डल्ले सरायँलाई ऐतिहासिक तथा सांस्कृतिक महत्वको रुपमा लिइन्छ। पहिले पुण्यखोला, थापडाँडा, सापडाडाँ, क्वाडी र सारीवाङ सरायँ समुहहरु आउने चलन थियो। २०७१ साल देखि प्रतियोगितात्मक रुपमा सरायँ प्रदर्शनी गर्न थालेसंगै हाल ९ सरायँ समुहरु भाग लिँदै आएका छन्। पुरस्कार र व्यवस्थापन खर्च प्यूठान नगरपालिकाले उपलब्ध गराउँदै आएको छ।

१३ औं शताब्दीतिर राक्षसी प्रबृतिको जाँट राजालाई लाई भित्रीकोटबाट लखेट्दै पुण्यखोला स्थित क्षेत्रपालसम्म ल्याए। क्षेत्रपालसम्म आइपुग्दा जाट घाइते भइसकेको थियो। पुण्यखोलास्थित क्षेत्रपालबाट बिजुवार स्थित डल्लेमा ल्याई त्यो जाटको हत्या गरिएको सम्झनामा मौलो बनाएर हरेक वर्ष डल्ले सरायँ निकालिने गरिएको छ।' यहीमेला हेर्न वर्षेनी हजारौको सङ्ख्यामा प्यूठान सहित, रोल्पा, अर्घाखाँची, गुल्मी र दाङबाट समेत मेला हेर्न आउनेको भीड लाग्ने गर्दछ।

## श्रमिक....

विश्व व्यापार संगठन (डब्लुटिओ) अन्तर्गत सेवा व्यापारका सन्दर्भमा स्थापित सिद्धान्तहरूले सेवा व्यापारका चार स्वरूप बताउँछन्। पहिलोमा स्वदेशमै बसेर अन्तर्देशीय अनलाइन प्रविधि माध्यमबाट विदेशमा विशेषज्ञ सेवा दिने काम पर्छ। दोस्रोमा विशेष काम वा पर्यटनको सिलसिलामा आएका विदेशी उपभोक्तालाई स्वदेशमा सेवा दिने काम पर्छ।

तेस्रोमा संगठित संस्था वा कम्पनीले विदेशी भूमिमा शाखा वा सेवा केन्द्र खोलेर सेवा प्रवाह गर्ने र चौथोमा प्राकृतिक व्यक्ति स्वयं विदेशमा गएर काम-सेवा गर्ने स्वरूप पर्छ। यसरी डब्लुटिओले परिभाषित गरेअनुरूप नै नेपालबाट श्रम तथा सेवा निर्यात भएको भए नेपाल र नेपालीको अवस्था अहिले निकै राम्रो भइसकेको हुन्थ्यो होला। यथार्थ बिल्कुल फरक छ, यहाँ त श्रम होइन, श्रमिकहरू खुलेआम निर्यात भइरहेका छन्। यसरी वैदेशिक रोजगारीका नाममा भइरहेको श्रमिक निर्यातका कारण यहाँको सामाजिक अवस्था विकराल बन्दै गएको छ।

**श्रमिक निर्यात मात्रै कि मर्यादित वैदेशिक रोजगारी?**

वैदेशिक रोजगारीका स्थापित मान्यता आत्मसात् गर्दै श्रमिकको हित र मानव अधिकार रक्षासहित आधारभूत सीप वा विज्ञतायुक्त श्रम निर्यात हुनुपर्छ भन्ने बहस सुरू भएको धेरै भइसकेको छ। यसअनुसार काम भएको भए नेपालीहरूले विदेशी भूमिमा बन्धक बनेर, जघन्य हिंसा सहेर र कानुनी उपचार नपाएर पीडित हुनुपर्ने थिएन। मानवीय सहयोग र उद्धारसमेत नपाएरै मर्नुपर्ने थिएन।

श्रमिकको साटो श्रम निर्यात गरिएको हुन्थ्यो भने श्रमिकलाई कुन देशमा के काम गर्न जाँदैछु वा कति पैसा खर्च गरेर कति कमाइ हुने काममा जाँदैछु, म जाने मुलुकमा के गर्न हुन्छ र के गर्न हुँदैन लगायतबारे थाहा हुने थियो। आधारभूत तालिम लिएको र सीप सिकेको हुने थियो। श्रम निर्यात गरिन्थ्यो भने यस्तो आधारभूत जानकारी नै नभएका र गन्तव्य मुलुकको भाषा बुझ्ने क्षमता समेत नभएका व्यक्तिलाई विदेशी भूमिमा जान प्रोत्साहित गरिने थिएन। वस्तुसरह श्रमिक निर्यात गरेर आएको रेमिटेन्सबाट देशको अर्थतन्त्र कतिसम्म धानिएला!

विद्यार्थी भिसामा विकसित मुलुकमा गएका हुन् वा लुकिछिपी अमेरिका गएका, ती सबैले केही वर्षमा ऋण तिर्छन् र परिवार पनि उतै पुऱ्याउँछन्। यस्ता व्यक्तिहरूबाट रेमिटेन्स आउँदैन। त्यस्तो परिवारबाट चल्तीको भाष्य अनुसारको वैदेशिक रोजगारीमा जाने व्यक्ति पनि बाँकी रहँदैन।

**आर्थिक लाभ कि सामाजिक लागत ?**

विद्यमान वैदेशिक रोजगारीबाट राष्ट्रले आर्थिक लाभ लिँदैछ कि सामाजिक लागत बेहोर्दै छ भन्ने विषयमा पनि बहस हुने गरेको छ। वैदेशिक रोजगारीले आर्थिक सशक्तीकरण र गरिबी न्यूनीकरणमा योगदान नगरेको पनि होइन तर त्योभन्दा बढी लागत बेहोर्नुपरेको छ।सुरूआती चरणमा उत्साहित भएर नयाँ श्रम गन्तव्यहरू खोजी गरियो, आप्रवासन नीतिमा सरलीकरण गरियो तर श्रमिक पठाउने काम बिस्तारै राजनीतिक दलका नेता र कार्यकर्ताहरूको व्यावसायिक साझेदारी (बिजनेस भेन्चर) का रूपमा प्रवर्द्धन गरियो।त्यसपछि युवा व्यवस्थापनको नाममा स्वदेशमै योगदान गर्न सक्ने दक्ष जनशक्ति पनि विदेश पलायन हुन प्रोत्साहित गरियो। शैक्षिक परामर्शका नाममा दलका नेता र कार्यकर्ताको अघोषित व्यावसायिक सञ्जाल सिर्जना गरियो। कुनै परिवारको कम्तीमा एक सदस्य वैदेशिक रोजगारीमा छैन भने त्यस परिवारले प्रगति गर्न नसकेको भन्ने सामाजिक संस्कार निर्माण गरियो। स्थानीय तहको निर्वाचनमा कतिपय प्रत्यासीहरूले आफूले जितेमा विदेश पठाइदिने भनेर पनि भोट मागे।

यसरी हेर्दा वैदेशिक रोजगारीलाई आर्थिक रूपान्तरणको संवाहकका रूपमा परिभाषित गरेर प्रवर्द्धन गरेअनुसार राष्ट्रलाई आर्थिक लाभ हुन सकेको छैन। यसको समग्र लाभ-लागत अध्ययन र विश्लेषण नभएकाले सामाजिक लागत यति नै हो भन्न सकिँदैन तर समाजले वैदेशिक रोजगारीको लागत स्पष्ट देखिने गरी बेहोरेको छ। वैदेशिक रोजगारीका कारणले भएको सम्बन्ध विच्छेद, पारिवारिक विखण्डन, कलह, हत्या, हिंसा, आत्महत्या र शरीर बन्धक जस्ता घटनाका औपचारिक दस्तावेजहरू सर्सर्ती हेर्दा पनि त्यसको सामाजिक लागत थाहा हुन्छ।अन्त्यमा, नेपालको आन्तरिक श्रम बजारको माग र आपूर्तिको विश्लेषणमा हाल नेपाल श्रमिक न्यून राष्ट्र हो। यहाँ यस्तो कुनै क्षेत्र वा पेसा छैन जहाँ विदेशी श्रमिकको भर पर्नु नपरोस्। कुनै ठाउँ छैन जहाँ विदेशी श्रमिक नपुगेको होस्। यसरी हेर्दा नेपालमा भित्रिएको रेमिटेन्सभन्दा बढी रकम बाहिरिएको हुन सक्छ। यसतर्फ पनि गतिलो अध्ययन भएको छैन। यो सबै सन्दर्भमा हेर्दा वैदेशिक रोजगारीलाई युवा व्यवस्थापनको साधनका रूपमा नलिएर आन्तरिक र वाह्य श्रम बजारका विविध पाटाहरूको समष्टिगत अध्ययन गरी वैदेशिक रोजगारी, यसको भाष्य र सामाजिक संस्कार परिवर्तनमा अर्थपूर्ण पहलकदम आवश्यक छ।

सेतोपाटीबाट साभार

## कर्मचारी.......

शिथिलता आउने गरेको छ । ठूला ठूला योजनाको सुरुदेखि अन्त्यसम्मको कागजपत्र माग गरी प्रमाणित गरेपछि फरक नपर्ने गरी बुझाउनु भनिएको हुन्छ । राष्ट्रिय गौरवको एउटा योजनामा एउटै उजुरीमाथि छानबिनको क्रममा ९३ हजार ५०० पाना कागज बुझाउनुपर्ने अवस्था आएको थियो ।अख्तियारको वार्षिक प्रतिवेदनमा उल्लेख भएबमोजिम आर्थिक वर्ष २०८०/८१ मा ३६ हजार १८६ उजुरी परेको देखिन्छ । व्यक्तिगत प्रतिशोधका कारण उजुरी गर्नेको संख्या धेरै हुन्छ । कुल उजुरीको ज्यादै न्यून मुद्दा दायर हुन्छ र दायर मुद्दामा पनि कमैमात्र अख्तियारको पक्षमा फैसला हुन्छ । यसबाट के प्रष्ट हुन्छ भने समस्या कहीं न कहीं छ र अनुसन्धानका क्रममा खर्चिने समय खेर जानाले कामको प्रगतिमा असर पर्ने गरेको छ । प्राविधिक क्षेत्रमा कार्य विवरण स्पष्ट नहुनाले धेरै झन्झट बेहोर्नुपरेको छ । उदाहरणका लागि एउटा पुल सम्पन्न भयो तर पुलको जगमा समस्या आएर छानबिन गर्नुपर्ने भयो भने जग बनाउनेमात्र हैन सुरुदेखि सम्पन्न गर्नेसम्मलाई दोषी बनाउने र जिम्मेवार हुनुपर्ने कारणले गर्दा निर्माण कार्य सम्पन्न गर्नुभन्दा आफू सुरक्षित हुनेतर्फ लाग्ने मनोवृत्ति हुन्छ । यसले पनि प्रगति कम भएको देखिन्छ ।

रूपान्तरणकारी, राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनामा हुने सरुवा पनि एउटा समस्याकै रूपमा देखिएको छ । सरकारको नीति त यस्ता आयोजनामा अवधिभर विनाकारण सरुवा नगर्ने भन्ने छ तर व्यवहारमा लागु हुनसकेको छैन । तारन्तारको सरुवाको कारण पनि कार्यप्रगति कमजोर हुने र अपेक्षाकृत परिणाम हासिल गर्न नसकिने हुन्छ ।

सार्वजनिक खर्चको लेखा परीक्षण गर्ने महालेखाको र सार्वजनिक लेखा समितिको द्वन्द्वका कारण बेरुजु प्रतिशत बढेको बढ्यै छ । तथ्य प्रमाणका आधारमा भन्दा उपलब्ध 'चेकलिस्ट'का आधारमा बेरुजु उठाउने अभ्यास एकातिर छ भने अर्कातिर त्यसरी उठेको बेरुजुकै परीक्षण पनि कहीं कतैबाट नहुने र जति धेरै बेरुजु उठायो उति नै प्रगति ठानिने संस्कारले पनि समस्या बढाएको छ । त्यसो गर्न सके आफू काबिल भएको ठान्ने मानसिकताले पनि सार्वजनिक निकायहरू चेपुवामा परेका छन् जसका कारण प्रगतिमा असर परेको हुन्छ । त्यसैगरी राष्ट्रिय सतर्कता केन्द्रले कन्सल्टेन्टबाट गराइने प्राविधिक परीक्षणमा पनि अपरिपक्व व्यक्ति आउने केही प्राविधिक परीक्षकले त केही न केही 'एनसीआर' लेख्नैपर्छ भनी लेखेको पनि पाइन्छ । यसले काम गर्नेको मनोबल उकास्ने हैन हीनताबोध हुन्छ ।

पुँजीगत खर्च गर्ने मन्त्रालयहरूलाई रकमान्तरको सुविधा छैन । त्यसका लागि मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) मै संशोधन गर्नुपर्ने हुन्छ भने संशोधन गर्न अर्थ मन्त्रालयमै पुग्नुपर्छ । एउटा सार्वजनिक निकायबाट रकमान्तरको फाइल उठेर अर्थ मन्त्रालयको मन्त्रीले निर्णय गरी मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) संशोधन गर्न टिप्पणी उठेपछि कम्तीमा २२ वटा तोक आदेश र २७ अधिकारीबाट ४८ वटा हस्ताक्षर भएपछि मात्र मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) संशोधन हुन्छ । पुँजीगत खर्च बढाउने उपायहरू

१. सार्वजनिक खरिद ऐन, जग्गा प्राप्ति ऐन, वातावरण ऐनलगायतलाई समयसापेक्ष विकास मैत्री हुनेगरी संशोधन गरिनुपर्छ ।

२. सिलिङभित्रको रकमान्तरको अधिकार मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) सम्बन्धित मन्त्रालयलाई दिनुपर्छ ।

३. नियामक निकायबाट सर्यौंको परिपत्र गरी नियन्त्रणमुखी नीति लिनुभन्दा समस्या समाधानको लागि सहजीकरण गरिनुपर्छ ।

४. सार्वजनिक खरिद ऐन पनि बढी नियन्त्रणमुखी छ । त्यसलाई परिणाममुखी हुने गरी संशोधन गरिनुपर्छ ।

५. दातृ निकायसँग हुने योजनाहरूमा प्रायः विलम्ब भएको देखिन्छ । समस्या पहिचान गरी निरूपण गरिनुपर्छ ।

६. अन्तर निकायबीचको समन्वय परिणाममुखी छैन त्यसलाई प्रभावकारी र एक द्वार प्रणालीको बनाउनुपर्छ ।

(डिभिजन प्रमुख ,सडक डिभिजन काठमाडौं)

## मारुनी.......

गरिने), दशैंको पूर्णीमामा प्यूठान नगरपालिका-७ वखडी, डल्लेमा मौलो मान्नका लागि ल्याइने, तिहारमा देउसीभैलो,पूजा, पुरभुरे, देवालीहरुमा मारुनी प्रदशर्नीका लागि लगि पौषमसान्त भित्र मारुनी विसर्जन गरिने पुनले जानकारी दिए । नाचमा मारुनीमा कृष्ण चरित्र, रामायण, महाभारत, मायाप्रेमका कथा, नारीहरुको वेदना, खुशीयाली, बालापन, समय अनुसारका गीत (भाले बास्ने, घाम झल्कने, दिउसो, साझ, राती, मध्यरानी, बिहानी समय), सन्यासीका कुराहरुलाई मारुनीको तालमा गाइन्छ । 'सबै गितहरु गाउने हो भने एक महिना लाग्छ, लिपिबद्ध छैन्, सम्झीसम्झी गाउनु पर्दछ, युवा पुस्तामा सिक्ने समय नै छैन' पुनले भने, 'खर्चिलो, बढी समय लाग्ने हुँदा नयाँ पूस्ताले चासो नदिँदा, पुराने पूस्ताको भरमा मारुनी छ ।' मारुनीमा सोरठी, झुमरा, चुड्का, बाटाताल लगायत फरक फरक तालका नृत्य हुन्छन् । पुनका अनुसार मारुनी विसर्जन गरेपछि मादल, खाँकर, मुजुरा, बाँसुरी एक वर्ष बजाउन मिल्दैन् । गीत निकाल्ने मारुनीको मुख्यलाई प्यूठानमा गुरमुखे भनिन्छ । 'मारुनी' नृत्यको मुख्य पात्र हुन् । मारुनी मादलेको तालसँगै अगाडि-पछाडि घुमेर नाच्छन् । भेषभूषामा सजिएर एकपटक मारुनी बनिसकेपछि नाचको पूरा अवधिसम्म मारुनी बदलिन पाउँदैनन् । एउटा गीत पूरा नहुँदासम्म नाचिरहनुपर्दछ । समुहमा नाच्ने व्यक्तिले गुनियो, चोली, पटुका, गर गहना, घलेक, घाग्र, घागरी, मुजेत्रो लगाएर नाचिने जानकार लिला पुनले बताए । मगर संस्कृति संरक्षण मञ्च गठन गरी २०७८ साल देखि मारुनी नाच प्रदर्शनी गरेका उनले युवा पुस्ताले चासो नदिँदा यस वर्ष मारुनी बाध्न नसकिएको बताए ।

' तिहारको लक्ष्मीपूजाका दिनबाट शुरु गरेर माघीमा पर्वलाई विदाइ गर्दै मारुनी विसर्जन गर्ने चलन थियो, तर यति लामो दिन टिकेर बस्ने युवा भेटिएन' पुनले भने, 'गत वर्ष नाचेका मारुनी यस वर्ष शारिरिक समस्याका कारण नाच्न सक्नुभएन, मारुनी नाच नै समस्यामा पो पर्‍यो ।' पहिला मारुनीका सबै विधि देखाउने गरेकामा अहिले समुदायमा सिक्ने व्यक्ति कम हुँदा कहिलेकाहीं मेला महोत्सव, कार्यक्रममा मात्रै सीमित बन्न दुःखद रहेको उनको बुझाइ छ । परम्परागत संस्कृति संरक्षणमा कसैको ध्यान नजाँदा जिल्लाका धेरै स्थानमा मारुनी नाच नाचिन छाडेको हो ।

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०८१ असोज २० गते प्यूठान जिल्ला प्यूठान नगरपालिका-८ बाग्दुलाबाट खलंगा तर्फ जाँदै गर्दा राष्ट्रिय परिक्षा बोर्डले उपलब्ध गराएको कक्षा १२ को मेरो निम्न व्यहोराको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खवर गरिदिनु हुन अनुरोध छ ।

नाम : सावित्रा थापा
विद्यालय : जनता माध्यमिक विद्यालय बाग्दुला प्यूठान
सिम्वोल नं. : २५२००७०९
उर्त्तिण वर्ष : २०८०
ठेगाना : स्वर्गद्धारी नगपालिका-८, प्यूठान
हाल : सरुमारानी गाउँपालिका-१, प्यूठान
सम्पर्क : ९८०९७४३८०७

## प्राईभेट तथा साझेदारी फर्म दर्ता, नविकरण

लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा १२ अनुसार, प्राईभेट तथा साझेदारी फर्मको दर्ता, नविकरण र खारेजी सम्बन्धी देहाय बमोजिम विशेष व्यवस्था रहेको हुँदा यस कार्यालयमा दर्ता रहेका जिल्ला स्थित सम्पूर्ण उद्यमी/व्यवसायीहरु तथा सम्बन्धीत सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

विशेष व्यवस्थाः आर्थिक ऐन, २०८१ दफा १२

१. आ.व. २०७८/७९ सम्म वार्षिक विवरण नबुझाएका तथा नविकरण नगरी संचालनमा रहेका वा दर्ता भई संचालनमा नरहेका प्राईभेट तथा साझेदारी फर्मले संवत २०८१ साल चैत्र मसान्तभित्र विवरण सहित नविकरण वा दर्ता खारेज गर्न चाहेमा नियमानुसार लाने नविकरण शुल्क र जरिवाना रकमको पाँच प्रतिशत (५%) ले हुन आउने रकम दाखिला गरेमा बाँकी शुल्क वा जरिवाना मिनाहा गरी नविकरण वा दर्ता खारेज गरिनेछ ।

२. आ.व. २०८१/०८२ मा लघु, घरेलु तथा साना उद्योगलाई दर्ता गर्दा प्रचलित व्यवस्था अनुसार लाग्ने अन्तिम दर्ता शुल्कको ५० प्रतिशत छुट दिई दर्ता गरिनेछ ।

पुनश्चःआवश्यक कागजात दर्ता प्रमाण पत्रको सक्कल प्रति र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

**घरेलु तथा साना उद्योग कार्यालय**
**खलंगा, प्यूठान**


# लक्ष्मी ट्रेडर्स



प्यूठान न.पा ४ जूम्री प्यूठान

सम्पर्क :
०८६-४६०६४१
९८५७८२०६८२
९८४४९०९६७०

प्रो. बद्री श्रेष्ठ




हामी कहाँ सिमेन्ट, सरिया, इटा, जि आइ, पि बीसी, एच जि पी, पाइप, पाइप फिटिङ्ग, कर्कट पाता, ट्वाइलेट तथा बाथरुम फिटिङ्ग, पानी टंकी रंग रोगन र प्लास्टिक पेन्ट पनि पाइन्छ ।

# बिजुवारमा बिशेषज्ञ सहितको आँखा शिविर हुने



बोम बहादुर परियार
प्यूठान

प्यूठानमा जटिल प्रकारका आँखाका बिरामिका लागि आगामि बिहिबार बिशेषज्ञ चिकित्सक सहितको शल्यक्रिया शिविर सञ्चालन हुने भएको छ।

आँखा उपचार केन्द्र प्रस्ताबित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवारको आयोजनामा सञ्चालन हुने शिविरमा अस्पत्तालसंग संभ्mौता गरेका स्थानीय तहका जेष्ठ नागरिकहरुले निःशुल्क उपचार सेवा पाउने अस्पत्तालका प्रमुख लक्ष्मी मल्ल ठकुरीले बताईन्।

आँखा धमिलो देखिने र मोतिबिन्दुको लक्षण भएका बिरामीहरुले बुधबार चेकजाँच गराउन सक्ने अस्पतालले जनाएको छ।

जटिल प्रकारका शल्यक्रिया गर्नुपर्ने बिरामीका लागि बिहिवार बिशेषज्ञ सेवा सञ्चालन हुने ठकुरीले बताईन्। जिल्लाका ६ वटा स्थानीय तहले अस्पतालसंग संझौता गरेर जेष्ठ नागरिकको निःशुल्क आँखा उपचार गर्दै आएका छन्।

नौबहिनीगाउँपालिका,गौमुखीगाउँपालिका, झिमरुक गाउँपालिका, प्यूठान नगरपालिका, ऐरावती गाउँपालिका र माण्डवी गाउँपालिकाले अस्पत्तालसंग संझौता गरिसकेका छन् भने मल्लरानी गाउँपालिकासंग संझौता गर्ने तयारी भईरहेको प्रमुख मल्लले बताईन।

वडाको सिफारिसको आधारमा मल्लरानीकाजेष्ठनागरिककोपनिनिःशुल्क उपचार गर्ने गरिएको उनले बताईन।

स्वर्गद्धारी नगरपालिका र सरुमारानी गाउँपालिकाले भने अस्पतालसंग संझौता गरेका छैनन्।

प्यूठान जिल्लाको गौंमुखी गाउँपालिकाको ठुलावेशी र स्वर्गद्वारी नगरपालिकाको भिङ्ग्रीमा समेत साँखा बिस्तार गरेको अस्पतालले जनाएको छ। २०६४ सालमा स्थापना भएको अस्पताललेे हरेक महिनाको एक पटक बिशेषज्ञ सहितको शिविर आयोजना गर्दै आएको अस्पतालका अध्यक्ष लक्ष्मी प्रकाश राजभण्डारीले बताए।

बिहिबारको शिविरका लागि लुम्बीनी नेत्र बिज्ञान अध्ययन सस्थान रणअम्बीका शाह आँखा अस्पताल भैरहवाबाट बिशेषज्ञ टोली प्यूठान आउन लागेको अस्पतालले जनाएको छ।

## साईबर अपराधबाट बचौं

ईन्टरनेट प्रयोग गर्दाः
- बलियो पासवर्ड राखौं र पासवर्डलाई समय-समयमा परिवर्तन गरौं,
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौ,
- सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं, यस्ता कल पटक-पटक आए ब्लक गरौं,
- आफ्ना व्यक्तिगत विवरणहरू ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्ममिति आदि कसैलाई शेयर नगरौं, सुरक्षित राखौं,
- अनावश्यक सफ्टवेयरहरू ईन्स्टल नगरौं, गरेको भए हटाऔं,
- सामाजिक सञ्जाल, ईमेल वा अन्य कुनै वेव एप्लिकेसन प्रयोग गरिसकेपछि साइन आउट गरौं,
- डिजिटल डिभाईसहरू मर्मत गर्न दिदा सम्पूर्ण विवरणहरू हटाएर मात्र दिऔं,
- सामाजिक सञ्जालमा अनावश्यक फोटो तथा व्यक्तिगत विवरणहरू नराखौं,

नेपाल सरकार विज्ञापन बोर्ड

## गाउँपालिकाबासीलाई अनुरोध

- बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं
- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न, ब्यापार व्यवसाय प्रारम्भ गर्न, सन्ततिका लागी शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न, स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं।

अनुरोधक :
नौबहिनी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय बाहाने, प्यूठान

## जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं

जलवायु परिवर्तनका असरलाई दृष्टिगत गरीः
- अनावश्यक उर्जाको खपत नगरौं,
- सुधारिएको चुल्हो, वायोग्याँस, सौर्य उर्जा जस्ता नविकरणीय उर्जा प्रयोग गरौं,
- सकेसम्म विद्युतबाट चल्ने सवारी साधनको प्रयोग गरौं,
- वनजंगल संरक्षण र वृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुनः प्रयोग, पुनः प्रशोधन गरौं,
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौं,
- जैविक फोहोरलाई कम्पोष्ट मल बनाऔं,
- आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र प्रवर्द्धन गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड

## नगरपालिकाबासीलाई अनुरोध

- बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं
- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न, ब्यापार व्यवसाय प्रारम्भ गर्न, सन्ततिका लागी शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न, स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं।

अनुरोधक :
स्वर्गद्धारी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय भिंगृ, प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ती (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन :०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : हाम्रो एकता प्रकाशन गृह, जुम्री ,प्यूठान